# दंगीशरण गाउँपालिकाको आर्थिक ऐन, २०७७

**गाउँ सभामा पेश मितिः २०७७।०३।१०**

**प्रस्तावना**

दंगीशरण गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को अर्थ सम्वन्धि प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानिय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम दंगीशरण गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "दंगीशरण गाउँपालिकाको आर्थिक ऐन २०७७" रहेको छ ।

(२) यो ऐन **२०७७ साउन १** गतेदेखि दंगीशरण गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पत्ति करः** गाउँपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिमको सम्पत्ति कर लगाइने र असुल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत)ः** गाउँपालिका क्षेत्रभित्र अनुसुचि (२) बमोजिमको भूमि कर (मालपोत) लगाइने र असुल उपर गरिनेछ ।

४. **घर बहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम टहरा, छप्पर, जग्गामा अनुसूचि (३) बमोजिम वहाल कर लगाइने र असुल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिवुटी, बनकस, कवाडीमाल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जविजन्तुको हाडक, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसुचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

८. **मनोरञ्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसुचि (७) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

९. **बहाल विटौरी करः** गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची (८) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूची मा भएको व्यवस्था अनुसार बहाल विटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१०. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची (९) मा उल्लेखित स्थानिय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ ।

११. **जरिवाना :** गाउँपालिका क्षेत्रभित्र प्रचलित कानुनको बर्खीलाप हुने गरी कार्य गर्नेलाई अनुसूची (१०) बमोजिम जरिवाना हुनेछ ।

१२. **घर नक्सापस दस्तुर** : दंगीशरण गाउँपालिका भित्र निर्माण हुने घर नक्सा पासको लागि अनुसूचि (११) बमोजिम दस्तुर संकलन गरिने छ ।

१३. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन । गाउँपालिकालाई तिर्नु बुझाउनु पर्ने कर नतिर्ने व्यक्ति तथा संस्थाको हकमा नागरिकता सिफारिस र व्यक्तिगत घटना दर्ता बाहेक गाउँपालिकाले प्रदान गर्ने अन्य सेवा सुविधाबाट बञ्चीत गरिनेछ ।

१४. **कर तथा शुल्क संकलन सम्वन्धी कार्यविधिः** यो ऐनमा भएको व्वस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

## अनुसूची-१

१ नं वडा क्षेत्र भित्रको घरले चर्चेको जग्गाको मूल्यांकन

| **सि.नं** | **विवरण** | **न्यूनतम दर प्रति कठ्ठा** |
|---|---|---|
| १ | बखरिया बुट्केसाल सडक १० मि | २०००००।- |
| २ | स्यानोधारा गनारी , छरकट्टा, प्रहरी चौकी गैडा, झोलुंगे पुल, पुन टोल, रामपुर गाउँको सडक, पदमपुर रहरपुर बैवांगजाने सडक ( ७मि) | १०००००।- |
| ३ | जुंगे खोलाशिवपुरी, भरैया, भुयाँरथान, छहरेखोला, धनटाकुरा, बुट्केसाल, रहरपुर पुल देखि पश्चिम जाने बाटो, स्कुल चोक पुल देखि रहरपुर जाने बाटो, अन्य भित्रि सडक सबै | ७५०००।- |
| ४ | फुर्केसल्ली | ३००००।- |
| ५ | अन्य स्थान | ५००००।— |

२ नं वडा क्षेत्र भित्रको घरले चर्चेको जग्गाको मूल्यांकन

| सि.नं | विवरण | न्यूनतम दर प्रति कठ्ठा |
|---|---|---|
| १ | बंगालपुर बुर्केसालदमारगाउँगोल्टाकुरी सडक १० मि | २०००००।- |
| २ | सरुवाडाँडा कौवाघारी बंगलापुर कौवाघारी प्राविकौवाघारी सडक बंगालपुर सरुवाडाँडा कौवाघारी सिमलकुना सरुवाडाँडा स्यानोधारा मथिल्लो सडक ७मि, डागीचौर देखि माथिल्लो सडक, बङलापुर रिङरोड, कौवाघारी रिङरोड, अन्य भित्रि सडक सबै | १०००००।- |
| ३ | अन्य स्थान | ५००००।- |

३ नं वडा क्षेत्र भित्रका घरले चर्चेको जग्गाको मूल्यांकन

| **सि.नं** | **विवरण** | **न्यूनतम दर प्रति कठ्ठा** |
|---|---|---|
| १ | हेकूलीकूलो देखी हेकूली स्कुलचौक सडक १२ मि | ६०००००।- |
| २ | चखौरा देखि दामोदर सडक १० मि | ३५००००।- |
| ३ | दामोदर सडक | ४०००००।- |
| ४ | हेकूलीचौक चिरागार, चखौरा देखी मायाखोला, नयाँबस्ती बाटो , अन्य भित्रि सडक सबै | २०००००।- |
| ५ | अन्य स्थान | १०००००।- |

४ नं वडा क्षेत्र भित्र घरले चर्चेको जग्गाको मूल्यांकन

| **सि.नं** | **विवरण** | **न्यूनतम दर प्रति कठ्ठा** |
|---|---|---|
| **१** | हेकुलीचौक बैवांगओरालो सम्म | ६०००००।- |
| **२** | हेकुलीचौक शिवमन्दिर सम्म | ६०००००।- |
| **३** | दामोदर सडक | ४०००००।- |
| ४ | बैवांगओरालो देखि बबई, | ३०००००।- |
| **५** | कृषि सडक | २५००००।- |
| ६ | मौली सरीया सतीमन्दिर मौनवा कुरेवा टोल शिवमन्दिर कुकुर खैला बेलझुण्डी कनरीया टोल ठूलो खल्यान सलौरा स्कूलबालूवा टोल ७मि र अन्य भित्रि सडक सबै | २०००००।- |
| ७ | अन्य स्थान | १०००००।- |

**५ नं वडा क्षेत्र भित्रको घरले चर्चेको जग्गाको मूल्यांकन**

| सि.नं | विवरण | दर |
|---|---|---|
| १ | सुर्खेत रोड सडक ३० मी | ८०००००।- |
| २ | गाउँपालिकाजाने बाटो १२ मि | ६०००००।- |
| ३ | नन्द्रागाउँ कृषि सडक, डाडागाउँ कुर्री, पोटली सलौरा मिरौली रावतगाउँ सडकखण्ड, डाँडाचिस सलौरा, लौवस्ताखलुवाचिस सलौरा सडक १० मि | २५००००।- |
| ४ | घडेरी टोलजाने बाटो, कुमलगढी मायाखोलाजाने बाटो, खलुवाचिस देवीगंज सलौरा लगायत बस्ती भित्रकाभित्री बाटाहरु (८ मि), अन्य भित्रि सडक सबै | २०००००।- |
| ५ | अन्य स्थान | १००००० ।- |

**६ नं वडा क्षेत्र भित्र घरले चर्चेको जग्गाको मूल्यांकन**

| सि.नं | विवरण | दर |
|---|---|---|
| १ | सुर्खेत सडक खण्ड | ८०००००।- |
| २ | बागर थपगाउँ | ३५००००।- |
| ३ | दामोदर सडक | ४०००००।- |
| ४ | बागर डाडाकुलो नयाँबस्ती राजपुर भित्री सडक परसडुवा ढुकुरे डाँडा बुराडाबर मैरवा भण्डारी टोल गिरी टोल खड्का टोल लेटार पूर्वी टोल मध्य टोल र पश्चिम टोल खड्क पुर टोल थपगाउँ रिंग रोड(७मि), अन्य भित्रि सडक सबै | २५००००।- |
| ५ | अन्य स्थान | १००००० ।- |

**७ नं वडा क्षेत्र भित्र घरले चर्चेको जग्गाको मूल्यांकन**

| सि.नं | विवरण | दर |
|---|---|---|
| १ | सुर्खेत सडक खण्ड | ८०००००।- |
| २ | दामोदर सडक थपगाउँ देखीकोईराल डाँडा १०मि | ४०००००।- |
| ३ | सुर्खेत रोड देखी बुटुनिया सम्म ९ मि | ३५००००।- |
| ४ | बुटुनिया बुट्टीपुर, मन्त्री डाँडा बाँकादुबीचौर,बाँका रजपल, श्रीगाउँ रजपल, कोईराल डाँडा बुढा डावर, गोरक्ष टोल पूर्व रजपल सम्मका७ मिटरका सडकखण्डहरु, अन्य भित्रि सडक सबै | २५००००।- |
| ५ | अन्य स्थान | १००००० ।- |

**संरचनाको मूल्यांकन दर**

| सि.नं | संरचनाको विवरण | प्रति बर्गफिट मूल्यांकन | कैफियत |
|---|---|---|---|
| १ | आर.सि.सि फ्रेम स्ट्रक्चर | २०००।- | |
| २ | सिमेन्ट मसलाको जोडाई | ९००।- | |
| ३ | माटोको जोडाई | ४००।- | |
| ५ | बारेको खरको छाना र माथि खुल्न नसकेका अन्य सबै | १००।- | |

**सम्पत्ति करको दर**

| सि.न. | करयोग्य सम्पत्तिको मूल्य | चालु बर्षको दर ( बार्षिक प्रति लाखमा) | प्रस्तावित दर | पुष्टाई | कैफियत |
|---|---|---|---|---|---|
| १ | ५ लाख सम्म | १०० | १०० | कोरोना भाईरसले विश्वभरीको | |
| २ | ५ लाख देखी १० लाख सम्म | २० | २० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | १० लाख देखी २०लाख सम्म | २५ | २५ | जनजीबन प्रभावित भई मानिसका आम्दानीका श्रोत कमी भएको अवस्थामा दर बृद्धि गर्दा नागरिकको जीबन निबार्हको श्रोत कटौति भई गंभिर असर पर्ने, | |
| ४ | २० लाख देखी ३० लाख सम्म | ३० | ३० | | |
| ५ | ३० लाख देखी ४०लाख सम्म | ४० | ४० | | |
| ६ | ४० लाख देखी ५० लाख सम्म | ५० | ५० | | |
| ७ | ५० लाख देखी ६० लाख सम्म | ६० | ६० | | |
| ८ | ६० लाख देखी७० लाख सम्म | ७० | ७० | | |
| ९ | ७० लाख देखी ८० लाख सम्म | ८० | ८० | | |
| १० | ८० लाख देखी९० लाख सम्म | ९० | ९० | | |
| ११ | ९०लाख देखी१ करोड सम्म | १०० | १०० | | |
| १२ | १ करोड देखी १ करोड ५० लाख सम्म | १५० | १५० | | |
| १३ | १ करोड ५० लाख देखी २ करोड सम्म | २०० | २०० | | |
| १४ | २ करोड देखी ३ करोड सम्म | ३०० | ३०० | | |
| १५ | ३ करोड देखी ५ करोड सम्म | ४०० | ४०० | | |
| १६ | ५ करोड माथी जतिसुकै भएपनि | ५०० | ५०० | | |

## अनुसूची-२

गाउँपालिका क्षेत्र भित्रका जग्गालाई देहाय अनुसार बर्गिकरण गरिएको छ :

**क** वर्गको जग्गा- वडा नं. ५, ६ र ७ को तुलसीपुर पुरन्धारा सडकमा पर्ने जग्गा, **ख** वर्गको जग्गा-वडा नं.३, ४, ५, ६ र ७ को जुनसुकै भित्रि सडकको जग्गा, **ग** वर्गको जग्गा-वडा नं.३, ४, ५, ६ र ७ को जुनसुकै खेतियोग्य जग्गा, **घ** वर्गको जग्गा-वडा नं. १ र २ को बखरिया-बुर्केसाल सडकसँग जोडीएको जग्गा, **ङ** वर्गको जग्गा-वडा नं. १ र २ को जुनसुकै भित्रि सडकसँग जोडीएको जग्गा, **च** वर्गको जग्गा-वडा नं.१ र २ को जुनसुकै खेतीयोग्य जग्गा ।

गाउँपालिका क्षेत्रभित्र देहाय अनुसार भूमिकर लगाइने छ :

| सि.न. | जग्गाको क्षेत्रफल | चालु बर्षको दर ( बार्षिक प्रति कठ्ठा रु.) | प्रस्तावित दर | पुष्टाई | कैफियत |
|---|---|---|---|---|---|
| १ | १० कट्ठा सम्म रु. | १० | १० | कोरोना भाईरसले विश्वभरीको जनजीबन प्रभावित भई मानिसका आम्दानीका श्रोत कमी भएको अवस्थामा दर बृद्धि गर्दा नागरिकको जीबन निबार्हको श्रोत कटौति भई गंभिर असर पर्ने, | |
| २ | १० कट्ठा भन्दा बढी १ विगाहा सम्म रु. | १५ | १५ | | |
| ३ | १ विगाहा भन्दा बढी २ विगाहा सम्म रु. | २५ | २५ | | |
| ४ | २ विगाहा भन्दा बढी ३ विगाहा सम्मा रु. | ३५ | ३५ | | |
| ५ | ३ विगाहा भन्दा बढी जतिसुकै रु. | ४५ | ४५ | | |

बक्यौताको हकमा पनि यसै व्यवस्था बमोजिम मालपोत उठाइने छ ।

## अनुसूची-३

गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले घर, गोदाम, भवन, पसल, टहरा, ग्यारेज, जग्गा, पोखरी वा अन्य कुनै सम्पत्ति बहालमा दिएकोमा बहाल दिएको मितिलाई अधार मनि बहाल अंकको १० प्रतिशतका दरले बहाल कर लगाइने छ । संगठित व्यक्ति वा संस्थाले बहाल बुझाउदा अग्रीम रुपमा स्रोतमा कर कट्टि गरी दाखिला गर्नुपर्नेछ । कर अवधी गणना गर्दा दैनिक,मासिक वा बार्षिक अवधीलाई आधार मानिनेछ । गाउँ कार्यपालिकाले विभिन्न क्षेत्रको न्यूनतम बहाल दर तोक्न सक्ने । करदाताले स्वयं घोषणा गरेको आधारमा बहाल कर निर्धारण गरिने छ ।

## अनुसूची-४

गाउँपालिका क्षेत्रभित्र सञ्चालित तथा अबदेखि दर्ता हुने उद्योग व्यवसायको गाउँपालिकामा दर्ता गरी दर्त दस्तुर रु.१०० लिई लगानी र प्रकारको आधारमा देहाय बमोजिमको बार्षिक व्यवसाय कर लगाइने छ :

| सि.न. | व्यावसाय | प्रकार | दर |
|---|---|---|---|
| १ | मदिरा पसल | वितरक | ३०००।- |
| | | थोक | २५००।- |
| | | खुद्रा | २०००।- |
| २ | सिडी,रेडियो,क्यासेट बिकी पसल | वितरक | १५०० |
| | | थोक | १००० |
| | | खुद्रा | ५०० |
| ३ | चुरोट, बिडी सुर्ति जन्य | वितरक | २००० |
| | | थोक | १५०० |
| | | खुद्रा | १००० |
| ४ | मोबाईल एसेसरीज | वितरक | १५०० |
| | | थोक | १००० |
| | | खुद्रा | ५०० |
| ५ | पुस्तक पसल तथा स्टेशनरी | वितरक | १५०० |
| | | थोक | १००० |
| | | खुद्रा | ५०० |
| ६ | तयारी लुगा | वितरक | १५०० |
| | | थोक | १००० |
| | | खुद्रा | ५०० |
| ७ | हार्डवियर/मेसिनरी/स्यानीटरी/मार्वल पसल | वितरक | ३००० |
| | | थोक | २५०० |
| | | खुद्रा | २००० |
| ८ | बिजुली सामान पसल | वितरक | १५०० |
| | | थोक | १००० |
| | | खुद्रा | ५०० |
| ९ | श्रृगार पसल | खुद्रा, थोक | ५०० |
| १० | रोडा बालुवा | प्रशोधन तथा बिक्रि | ५००००० |
| ११ | पेट्रोलिएम पदार्थ | पेट्रोलपम्प | ३००० |
| | | पेट्रोल बिक्रि केन्द्र | १००० |
| | | ग्याँस सिलिण्डर डिलर/सव डिलर | ५०० |
| | | मट्टितेल मात्र | ५०० |

| | | | |
|---|---|---|---|
| १२ | औषधी पसल (मानब उपचार सँग सम्बन्धीत) | थोक | ३००० |
| | | खुद्रा डाक्टरको परामर्श सेवा सहितको | १००० |
| | | खुद्रा डाक्टरको परामर्श सेवा नभएको | ५०० |
| १३ | एग्रो भेट ( पशु पंक्षिको औषधी उपचार सँग सम्बन्धीत) | थोक | ३००० |
| | | खुद्रा पशु चिकित्सकको परामर्श सेवा सहितको | १००० |
| | | खुद्रा पशु चिकित्सकको परामर्श सेवा सहितको | ५०० |
| १४ | खाद्य पसल/किराना/हल्का पेय पदार्थ | वितरक | ३००० |
| | | थोक | १००० |
| | | खुद्रा | ५०० |
| १५ | कपडा पसल (तयारी पोशाक बाहेक) | थोक | १००० |
| | | खुद्रा | ५०० |
| १६ | तरकारी पसल | थोक | १००० |
| | | खुद्रा | ५०० |
| १७ | फलफुल | थोक | १००० |
| | | खुद्रा | ५०० |
| १८ | डेरी/दुध/दही /बेकरी | थोक | १००० |
| | | खुद्रा | ५०० |
| १९ | भाँडा पसल | थोक | १००० |
| | | खुद्रा | ५०० |
| २० | गिफ्ट /खेलौना | थोक | १००० |
| | | खुद्रा | ५०० |
| २१ | साईकल मर्मत/ साईकल बिक्री सो रुम | थोक | १००० |
| | | खुद्रा | ५०० |
| २२ | मोटरसाईकल मर्मत / बिक्री डिलर | बिक्री डिलर | ३००० |
| | | मर्मत | ५०० |
| २३ | सुन चाँदी पसल | थोक | १५०० |
| | | खुद्रा | ५०० |
| २४ | माछा/मासु बिक्री पसल (फ्रेस हाउस) | थोक | १००० |
| | | खुद्रा | ५०० |
| २५ | छपाई प्रकाशन | अफसेट प्रेस | १००० |
| | | साधारण | ५०० |
| २६ | मोटर पार्टश | थोक | १००० |
| | | खुद्रा | ५०० |
| २७ | प्लाई तथा ग्लास | थोक | १००० |
| | | खुद्रा | ५०० |
| २८ | स्टील आल्मुनियम पसल | थोक | १००० |
| | | खुद्रा | ५०० |
| २९ | तयारी फर्निचर पसल | थोक | २००० |
| | | खुद्रा | ५०० |
| ३० | कपडा सिलाई कटाई/गार्मेन्ट पसल | थोक | १००० |
| | | खुद्रा | ५०० |

| | | | |
|---|---|---|---|
| ३१ | स्नुकर तथा पुल हाउस/क्यारेम बोर्ड | व्यवासायिक | १००० |
| ३२ | माटाका भाँडा पसल | थोक | ५०० |
| | | खुद्रा | २०० |
| ३३ | गल्ला पसल | व्यवसाय | ५०० |
| ३४ | विशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवा | चिकित्सक | २००० |
| | | कन्सल्टेन्ट सेवा ( ईन्जिनीयरिङ्ग) | १००० |
| | | कानुन व्सायि ल फर्म | ५०० |
| | | दन्त चिकित्सक | १००० |
| | | अनुसन्धानकर्ता परामर्शदाता | ५०० |
| | | पशु चिकित्सक | १००० |
| | | रोजगार सेवा | १००० |
| ३५ | ढुवानी तथा ट्रान्सपोर्ट | व्यवसाय | १००० |
| ३६ | पेन्टर/साईनबोर्ड लेख्ने आदि | व्यवसाय | ५०० |
| ३७ | जग्गा व्यवसायि | सेवा | २००० |
| ३८ | निमार्ण व्यवासायि | व्यावसाय | २००० |
| ३९ | अन्य व्यवसाय | जुनसुकै | ५०० |
| **कृषिमा आधारीत व्यवसाय** | | | |
| ४० | रासायनिक मल बिक्रेता प्रमाणपत्र नविकरण | व्यवसायिक सहकारी | १००० |
| ४१ | कखुरापालन /भैंसी पालन/बंगुरपालन /हाँसपालन /माछापालन/माहुरीपालन व्यवसाय वा बहुउद्देश्यीय व्यवसाय | ५ लाख सम्मको लगानी भएको | ५०० |
| | | ५ लाख भन्दा माथि २० लाख सम्म लगानी भएको | १००० |
| | | २० लाख देखि ५० लाख सम्मको लगानी भएको | १५०० |
| | | ५० लाख देखि १ करोड सम्मको लगानी भएको | २००० |
| | | १ करोड भन्दा माथि १० करोड सम्म | ५००० |
| | | १० करोड भन्दा माथिका सबै | ७००० |
| ४२ | बन्य उत्पादन सँग सम्बन्धीत व्यवसाय ( गैर काष्ठ जन्य जडिबुटी उत्पादन, काष्ठ जन्य उत्पादन निजी वन आदि) | ५ लाख सम्मको लगानी भएको | ५०० |
| | | ५ लाख भन्दा माथि २० लाख सम्म लगानी भएको | १००० |
| | | २० लाख देखि ५० लाख सम्मको लगानी भएको | १५०० |
| | | ५० लाख देखि १ करोड सम्मको लगानी भएको | २००० |
| | | १ करोड भन्दा माथि १० करोड सम्म | ५००० |
| | | १० करोड भन्दा माथिका सबै | ७००० |
| **उत्पादन मुलक उद्योग** | | | |
| ४३ | कुटानी/पेलानी खाद्यान्न/मसला मिल | थोक, खुद्रा | १०००।- |
| ४४ | डेरी उद्योग | थोक, खुद्रा | ५००।- |
| ४५ | ग्रील उद्योग | | १००० |
| ४६ | जुत्ता उद्योग | | ५०० |
| ४७ | साना घरेलु उद्योग( मैन बत्ति, टीकी, | | १०० |

| | | | |
|---|---|---|---|
| | अचार तथा अन्य कुटिर) | | |
| ४८ | कपडा तथा गार्मेन्ट उद्योग | | १००० |
| ४९ | सिरक, डसना लगाएतका बिछ्याउने तथा ओडने सामान सँग सम्बन्धीत | | ५०० |
| ५० | उपभोग्य बस्तु उत्पादन उद्योग | कुकिज/नुडल्स | ५०० |
| | | दालमोट/पाउरोटी/चाउमिन | २०० |
| | | पापड/चिप्स/फिगर | २०० |
| ५१ | बनजन्य उद्योग | स मिल प्लाई उद्योग | ३००० |
| | | काठ चिरानी तथा बिक्रि डिपो | ५००० |
| | | नर्शरी (विरुवा उत्पादन) | २०० |
| ५२ | क्रसर, कनक्रिट/ईटा उद्योग | उद्योग | ५००० |
| ५३ | साना/मझौला उद्योग | उद्योग | २०००।- |
| ५४ | ठूला उद्योग | उद्योग | १००००।- |
| ५५ | अन्य उद्योग | उद्योग | ५००।- |
| **पर्यटन उद्योग** | | | |
| ५६ | होटल तथा रेष्टुरेन्ट व्यावसाय | होटल/लज/गेष्ट हाउस | १००० |
| | | भोजनालय | ५०० |
| | | चिया नास्ता /मिठाई पसल | ५०० |
| | | रेष्टुरेन्ट एण्ड वार | २००० |
| | | पार्टी प्यालेस | २००० |
| **सेवा उद्योग** | | | |
| ५७ | **सञ्चार** | एफ.एम. प्रशारण | २००० |
| | | केवुल च्यानल प्रशारण | २००० |
| | | पत्रपत्रिका प्रकाशन सेवा | १००० |
| | | फाटोकपी/पि.सी.यो./साईवर तथा क्याफे | ५०० |
| | | कुरियर सेवा | ५०० |
| | | कलरल्याब | ५०० |
| ५८ | **बित्तीय** | वाणिज्य बैंक प्रति शाखा/केन्द्रीय कार्यालय | ३००० |
| | | बिकास बैंक प्रति शाखा/केन्द्रीय कार्यालय | १५०० |
| | | फाइनान्स कम्पनी शाखा कार्यालय | १००० |
| | | वित्तीय ऋण सहकारी संस्था | १००० |
| | | मनी ट्रान्सफर | १००० |
| | | विमा कम्पनी | २००० |
| | | लघु वित्त | २००० |
| ५९ | **स्वास्थ्य सेवा व्यवसाय** | निजी अस्पताल तथा नर्सिङ्ग होम | २००० |
| | | क्लिनिक तथा ल्याव | ५०० |
| | | चस्मा पसल | ५०० |
| | **शिक्षा सेवा व्यवसाय** | क्याम्पस | २००० |
| | | माध्यमिक बिद्यालय | २००० |
| | | आधारभूत | १५०० |

| | | | |
|---|---|---|---|
| ६० | | छात्राबास | १००० |
| | | मन्टेश्वरी | १००० |
| | | टिउसन सेन्टर | १००० |
| | | कम्प्युटर/नृत्यकला/सिकाई | १००० |
| | | तालिम तथा अनुसन्धान केन्द्र | १००० |
| ६१ | **मर्मत सम्भार** | टायर-ट्युब मर्मत, रिसोलिङ्ग, हावा भर्ने | ५०० |
| | | इन्जिन मर्मत | १००० |
| | | डेनटिङ्ग/पेन्टीङ्ग | ५०० |
| | | टि.भि.फ्रिज, मोटर, पङ्खा, रेडियो, घडि, जेनेरेटर, कम्प्युटर, मोवाईल, (ईलेक्ट्रोनिक) | ५०० |
| | | मोटरसाईकल मर्मत | ५०० |
| | | अन्य सवारी साधन मर्मत (बस,जीप आदि) | १००० |
| | | अन्य बिविध मर्मत | ५०० |
| ६२ | ड्राई क्लिनिङ्ग , व्युटी पार्लर तथा सैलुन | व्यवसाय | ५०० |
| ६३ | फूल/बिरुवा पसल | व्यवसाय | ५०० |
| ६४ | **मनोरञ्जन व्यवसाय कर** | जादु सर्कस चटक आदि | २००० |
| | | सिनेमा हल तथा मनोरञ्जन प्रबेश स्थलको प्रबेश शुल्क | १०० |

## अनुसूची-५

ऊन, खोटो, जडिबुटी, बनकस, कवाडी माल, जीबितजन्तु बाहेकका अन्य मृत वा मारिएका जीबजन्तुको हाड, सिङ., प्वाखँ, छाला, जस्ता बस्तुको व्यवसायिक कारोबार गरे बापत प्रति एकाई प्रति पटक रु १० जडीबुटी, कवाडी र जीबजन्तु कर लागाइने छ । कवाडी मालसामानका हकमा निम्न बमोजिम हुने छ र संकलन गर्ने कार्यबिधि गाउँ कार्यपालिकाले तोके बमोजिम हुने छ ।

क) कागज जन्य सामानकालागि प्रति किलो ग्राम रु एक,
ख) फलाम जन्य सामानकालागि प्रति किलो ग्राम रु दुई,
ग) स्टिल जन्य सामानकालागि प्रति किलो ग्राम रु दुई र
घ) अन्यका हकमा प्रति किलो ग्राम रु दुई

## अनुसूची-६

गाउँपालिका क्षेत्र भित्र गाउँ कार्यपालिका कार्यलय वा सम्बन्धीत वडा कार्यालयको अनुमति लिएर मात्र विज्ञापन सामाग्री राख्न पाउने गरी देहाय बमोजिम विज्ञापन कर लगाइने छ ।

१.भवनको छत,कौशी वा पूरै झ्याल ढाक्ने गरी विज्ञापन सामाग्री राख्न पाइने छैन ।
२.बाटोको सिमाना देखि १० फिट भित्र र सँधियारको सिमाना देखि ५ भित्र तथा सार्वजनिक निकायमा विज्ञापन सामाग्री राख्न पाइने छैन ।
३.भवन,जमिन,व्यापारिक केन्द्र,पसल,होटल,रेष्टुरेन्ट,विद्यालय,पेट्रोल पम्प लगायत भवनको भित्रि भागमा विज्ञापन प्रयोजनको लागि राखिएको प्रचार सामाग्रीमा विज्ञापन कर छुट हुने छैन ।
४.सुर्तिजन्य,मदिरा तथा नेपाल सरकार र गाउँ कार्यपालिका कार्यलयबाट निषेध गरिएका विज्ञापन वा प्रचार सामाग्री राख्न पाइने छैन ।
५.विज्ञापन करको दर:
क)फ्लेक्सबाट तयार गरिएको विज्ञापन प्रचार सामाग्रीको प्रति वर्ष प्रति वर्गफुट रु.दुई सय,
ख)नियोन,ग्लो साइन,डिजिटल बोर्डबाट गरिने प्रचार सामाग्रीको प्रति वर्ष प्रति वर्गफुट रु.तिन सय पचास,

ग)खेल मैदान,मेला,जात्रा,पर्व र अन्य  यस्तै प्रकृतिका कार्यक्रममा हुने प्रचार सामाग्रीको बिस वर्गफुट सम्मका लागि प्रति दिन रु.दुई सय र सोभन्दा बढी वर्गफिटका लागि प्रति दिन रु.तिन सय विज्ञापन कर उठाइने छ ।

घ) अन्यको हकमा प्रति वर्गफिट प्रति वर्ष रु.दुई सय ।

## अनुसूची-७

गाउँपालिकाको अनुमती लिएर मात्र गाउँपालिका क्षेत्रभित्र जादु,सर्कस वा मेला लगाउन पाइनेछ जादु,सर्कस वा मेला लगाए बापत गाउँ कार्यपालिकाले तोके बमोजिमको मनोरञ्जन कर उठाइनेछ ।

## अनुसूची-८

गाउँ कार्यपालिकाले तोके बमोजीम बहाल बिटौरी कर उठाइने छ ।

## अनुसूची-९

| सि.न. | राजस्वको क्षेत्र | चालु बर्षको दर(रु.) | प्रस्तावित दर (रु.) | पुष्ट्याई | कैफियत |
|---|---|---|---|---|---|
| १ | विपन्नता सिफारिस ⁄ प्रमाणीत | निःशुल्क | निःशुल्क | | |
| २ | असहाय सिफरिस ⁄ प्रमाणीत | निःशुल्क | निःशुल्क | | |
| ३ | अपंगता सिफारिस | निःशुल्क | निःशुल्क | | |
| ४ | मिलापत्र निवेदन | १००। | १००। | | |
| ५ | मिलापत्र दस्तुर (१०लाख सम्म विगो खुलेकोमा विगोको) | ०.१% | ०.१% | | |
| ६ | मिलापत्र दस्तुर(१० लाख देखि माथिको विगो खुलेकोमा विगोको) | ०.२% | ०.२% | | |
| ७ | मिलापत्र दस्तुर  विगो नखुलेकोमा | १०००। | १०००। | | |
| ८ | मुद्दा दर्ता दस्तुर | १००। | १००। | | |
| ९ | नक्कल निवेदन | १००। | १००। | | |
| १० | नागरिकता सिफारिस | १००। | १००। | | |
| ११ | नागरिकता प्रतिलिपी सिफारिस | २००। | २००। | | |
| १२ | बिद्युत जडान सिफारिस | ५००। | ५००। | | |
| १३ | घर जग्गा नामसारी सिफारिस ५ कट्ठा सम्म | २५०। | २५०। | | |
| १४ | घर जग्गा नामसारी सिफारिस १० कट्ठा सम्म | ५००। | ५००। | | |
| १५ | घर जग्गा नामसारी सिफारिस २० कट्ठा सम्म | ७५०। | ७५०। | | |
| १६ | घर जग्गा नामसारी सिफारिस २० कट्ठा भन्दा बढी | १०००। | १०००। | | |
| १७ | नाम ठेगाना संसोधन सिफारिस | २००। | २००। | | |
| १८ | जनजाति,दलित प्रमाणित ⁄ सिफारिस | २००। | २००। | | |
| १९ | अबिबाहित प्रमाणित/बिबाहित प्रमाणित | २००। | २००। | | |
| २० | मोहि लगत कट्टा सिफारिस ⁄ अंशबण्डा सिफारिस | १०००। | १०००। | | |
| २१ | अन्य निवेदन सिफारिस | २००। | २००। | | |
| २२ | उद्योग दर्ता सिफारिस १० एच.पी.भन्दा माथि | ८०००। | ८०००। | | |
| २३ | उद्योग दर्ता सिफारिस १० एच.पी.भन्दा कम | ५०००। | ५०००। | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २४ | जडिबुटी निकासी सिफारिस | १०००। | १०००। | | |
| २५ | व्यक्तिगत घटना दर्ता विलम्व शुल्क ( ३५ दिनपछि) | ५०। | ५०। | | |
| २६ | संघ संस्था दर्ता/ नविकरण | ५००। | ५००। | | |
| २७ | जग्गा धनीपुर्जामा फोटो टाँस सिफारिस | २००। | २००। | | |
| २८ | इट्टा भट्टा सिफारिस | १००००। | १००००। | | |
| २९ | नाता प्रमाणित | ३००। | ३००। | | |
| ३० | गाई भैसी फर्म दर्ता सिफारिस | १०००। | १०००। | | |
| ३१ | भेडा बाखा फर्म दर्ता सिफारिस | ५००। | ५००। | | |
| ३२ | फरक फरक नामथर जन्ममिति एउटै हो भन्ने सिफारिस | ५००। | ५००। | | |
| ३३ | व्यवसाय/उद्योग ठाउँसारी/नामसारी सिफारिस | १०००। | १०००। | | |
| ३४ | विद्यालय खोल्ने सिफारिस र अनुमति | ७०००। | ७०००। | | |
| ३५ | बिद्यालयको कक्षा थप गर्न सिफारिस | ३०००। | ३०००। | | |
| ३६ | बिद्यालय ठाउँसारि गर्न सिफारिस गर्ने | ५०००। | ५०००। | | |
| ३७ | आर्थिक अवस्था कमजोर प्रमाणित | निःशुल्क | निःशुल्क | | |
| ३८ | आर्थिक अवस्था बलियो भएको प्रमाणित | २०००। | २०००। | | |
| ३९ | जीवित अथवा मृत्यु भएको सिफारिस | २००। | २००। | | |
| ४० | जन्म मिति प्रमाणित गराउने | २००। | २००। | | |
| ४१ | जग्गा प्लटिङ अनुमति | २५०००। | २५०००। | | |
| ४२ | मदिरा पसल र रेष्टुरेन्ट दर्ता शुल्क | १२००। | १२००। | | |
| ४३ | कुखुरा फर्म दर्ता सिफारिस | ६००। | ६००। | | |
| ४४ | अन्य व्यवसाय दर्ता सिफारिस | १००। | १००। | | |
| ४५ | पेट्रोल पम्प सिफारिस | १२०००। | १२०००। | | |
| ४६ | **घरबाटो सिफारिस** | | | | |
| ४७ | क बर्गको जग्गा | १५००। | १५००। | | |
| ४८ | ख बर्गको जग्गा | १०००। | १०००। | | |
| ४९ | ग बर्गको जग्गा | ४००। | ४००। | | |
| ५० | घ बर्गको जग्गा | ६००। | ६००। | | |
| ५१ | ङ बर्गको जग्गा | ५००। | ५००। | | |
| ५२ | च बर्गको जग्गा | ३००। | ३००। | | |
| ५३ | **घर जग्गाको मुल्यांकन** | **आम्दानी प्रमाणित अंग्रेजीमा** | **आम्दानी प्रमाणित नेपालीमा** | प्रस्ताबित | |
| क) | एकलाख सम्मको | २००। | १००। | २००। | १००। |
| ख) | एकलाख देखि तिन लाख सम्मको | ४००। | २००। | ४००। | २००। |
| ग) | तिन लाख देखि पाचँ लाख सम्मको | ६००। | ३०० | ६००। | ३०० |
| घ) | पाँचलाख देखि दस लाख सम्मको | १६००। | ८०० | १६००। | ८०० |
| ङ) | दसलाख देखि पन्ध्र लाख सम्मको | ३०००। | १५०० | ३०००। | १५०० |
| च) | पन्ध्र लाख देखि बिस लाख सम्मको | ५०००। | २५०० | ५०००। | २५०० |
| छ) | विस लाख देखि तिस लाख सम्म | ७०००। | ३५०० | ७०००। | ३५०० |
| ज) | तिस लाख देखी पचास लाख सम्म | ९०००। | ४५०० | ९०००। | ४५०० |

| | | | | | |
|---|---|---|---|---|---|
| झ) | पचास लाख देखि एक करोड सम्म | १२०००। | ६००० | १२०००। | ६००० |
| ञ) | एक करोड देखी माथी जतिसुकै | १६००० | ८००० | १६००० | ८००० |
| ५४ | अन्य जुनसुकै सिफारिस | २००। | २००। | | |
| ५५ | **चारकिल्ला प्रमाणित** | | | | |
| | क बर्गको जग्गा | १५००। | १५००। | | |
| | ख बर्गको जग्गा | १०००। | १०००। | | |
| | ग बर्गको जग्गा | ४००। | ४००। | | |
| | घ बर्गको जग्गा | ६००। | ६००। | | |
| | ङ बर्गको जग्गा | ५००। | ५००। | | |
| | च बर्गको जग्गा | ३००। | ३००। | | |
| ५६ | **अंग्रेजीमा प्रमाणित/सिफारिस गर्दा नेपालीमा गर्दा लाग्ने भन्दा दोब्बर बढी लाग्नेछ** | | | | |
| ५७ | समुह दर्ता/नविकरण/ सिफारिस | **३००** | **३००** | | |
| ५८ | व्याकहोलोडर शुल्क प्रति घण्टा | **१६००** | **१६००** | | |
| | ट्याक्टर गा.पा. भित्र प्रति ट्रिप | | | | |
| | ट्याक्टर गा.पा. बाहिर प्रति ट्रिप | | | | |
| | ट्याक्टर गा.पा. भित्र प्रति दिन | **२०००** | **२०००** | | |

## अनुसूची-१०

१.राँगा भैसी छरुवा/छाडा छाडेमा धनी वा हकवालाबाट पटकैपिच्छे प्रत्येकको रु.एक हजारका दरले जरिवाना गरिने छ।

२.गाई गोरु छरुवा/छाडा छाडेमा धनी वा हकवालाबाट पटकैपिच्छे प्रत्येकको रु.पाँच सयका दरले जरिवाना गरिने छ।

३. बाखा भेडा छरुवा/छाडा धनी वा हकवालाबाट पटकैपिच्छे प्रत्येकको रु.दुई सय पचासका दरले जरिवाना गरिने छ ।

४.अनधिकृत रुपमा ढुंगा गिट्टि र बालुवा उत्खनन वा ओसारपसार गरेमा पटकैपच्छे प्रति ट्रिप रु.पाँच हजार जरिवाना गरी थप कारबाहीका लागि सम्बन्धीत निकायमा पठाइने छ।

५.प्लटिङ अनुमति पाई प्लटिङ गरिराखेको बाहेक खेतीयोग्य जग्गामा खेती नगरी सालभरी जग्गा बाँझो राखेमा सम्बन्धीत जग्गा धनिबाट त्यसमा लाग्ने बार्षिक मालपोतको २५ प्रतिशत जरिवाना गरिने छ ।

६.कसैले बनमा डढेलो लगाएमा पटकैपिच्छे रु. ५० हजार जरिवाना गरि थप कारबाहीका लागि सम्बन्धीत निकायमा पठाइने छ।

## अनुसूचि-११

क) नयाँ निमार्ण हुने भबनको दर

| सि.न. | घरको प्रकार | चालु बर्षको दर ( प्रति बर्ग फिट रु.) | प्रस्तावित दर | पुष्टाई | कैफियत |
|---|---|---|---|---|---|
| १ | आवासिय | ४ | ४ | कोरोना भाईरसले विश्वभरीको जनजीबन प्रभावित भई मानिसका आम्दानीका श्रोत कमी भएको अवस्थामा दर बृद्धि गर्दा नागरिकको जीबन निबार्हको श्रोत कटौति भई गंभिर असर पर्ने, | |
| २ | व्यापारिक | ५ | ५ | | |
| ३ | पक्कि ईटाको गारो टिनको छानो | ३ | ३ | | |
| ४ | टिन तथा टायलको छाना | २ | २ | | |

ख) कच्चि घरको प्रमाण पत्र दस्तुर रु. २००।- (दुई सय रुपैया मात्र)
ग) पर्खाल निर्माण गर्दा प्रति रनिङ फुट रु. २।- (दुई रुपैया मात्र)

घ) घर बनाई नक्सा पास गर्न आएमा प्रति वर्गफिट

| सि.न. | घरको प्रकार | चालु बर्षको दर ( प्रति बर्ग फिट रु.) | प्रस्तावित दर | पुष्टाई | कैफियत |
|---|---|---|---|---|---|
| १ | आवासिय | १५ | १५ | कोरोना भाईरसले विश्वभरीको जनजीबन प्रभावित भई मानिसका आम्दानीका श्रोत कमी भएको अवस्थामा दर बृद्धि गर्दा नागरिकको जीबन निबार्हको श्रोत कटौति भई गंभिर असर पर्ने, | |
| २ | व्यापारिक | २० | २० | | |
| ३ | पक्कि ईटाको गारो टिनको छानो | १० | १० | | |
| ४ | टिन तथा टायलको छाना | १० | १० | | |

ङ) अमिन सेवा शुल्क रु. १०००।- (एक हजार रुपैया मात्र)
च) पुस्तक रु. ५००।- (पाँच सय रुपैया मात्र)
छ) घर नक्सा पास नाम सारी रु. १५००।- (एक हजार पाँच सय रुपैया मात्र)

***नोटः*** *निर्माण सम्पन्न भएका घरहरुको हकमा यो सूचना प्रकाशित भएको मितिले ३ महिना भित्र नक्सा पास गराएमा बुँदा नं. १ अनुसार दस्तुर लिइने छ अन्यथा बुँदा नं. ४ बमोजिम दस्तुर बुझाउनु पर्नेछ ।*